का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक ३३९
❒ १८ माघ २०७८, मंगलबार
❒ 1 February 2022, Tuesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।

एमसीसी

# सत्तालाई सधैं गलपासो !



अमेरिकी परियोजना एमसीसी सत्ता र सत्तारुढ नेताहरुका निम्ति गलपासो बन्दै आएको छ । तत्कालीन नेकपा सरकारले एमसीसीबारे जस्तो संकट बेहोरेको थियो, वर्तमान सरकारलाई पनि यो परियोजनाबारे निर्णय लिन उस्तै संकट आइलागेको छ ।

तत्कालिन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की एमसीसी सम्झौतामा हस्ताक्षर गर्दै बायाँ । *फाइल तस्बिर*

**एमाले** – एमसीसी अनुमोदनको पक्षमा । तर गठबन्धनलाई संकटमा पार्ने विकल्पका रूपमा प्रयोग । पार्टीभित्र भिन्न मत ।

**काँग्रेस** – एमसीसी अनुमोदनको पक्षमा । तर गठबन्धन जोगाउनुपर्ने बाध्यताले सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा अलमलमा ।

**माओवादी केन्द्र** – सत्ता गठबन्धन जोगाउने पक्षमा । तर एमसीसी संशोधन बिना अनुमोदन गराउन नसक्ने परिबन्धमा ।

**एकीकृत समाजवादी** – सत्ता गठबन्धन जोगाउने पक्षमा । एमसीसी संशोधन नगरी अनुमोदन गराउन नहुनेमा प्रष्ट ।

**जनता समाजवादी** – एमसीसी अनुमोदन गराउने । सत्ता गठबन्धन जोगाउने ।

**राष्ट्रिय जनमोर्चा** – एमसीसीको विक्षमा । गठबन्धन जोगाउनेमा प्रष्ट ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ माघ ।

अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) का कारण सत्ता गठबन्धनमा फेरि मतभेद देखिएको छ । एमसीसीबारे अध्ययन गर्न बनेको कार्यदलले प्रतिवेदन नै तयार पार्न नसक्नुले गठबन्धन संकटमा परेको प्रष्ट हुन्छ । प्रधानमन्त्री शेरबहादुर देउवाले एमसीसीबारे निर्णय लिन निर्णायक पहल अगाडि बढाएका छन् ।

तर सत्ता गठबन्धनका दलहरु र एमसीसी अध्ययन कार्यदलभित्र एकमत देखिएको छैन । नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालको संयोजकत्वमा अध्ययन कार्यदल बनेको थियो । तर संयोजक रहेका पूर्वप्रधानमन्त्री खनालले एमसीसीबारे गठबन्धनका दलहरुको धारणा प्रष्ट रहेकाले प्रतिवेदनकै खाँचो नरहेको बताएका छन् ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको अघिल्लो सरकारका पालामा पनि खनाल एमसीसी अध्ययन कार्यदलका संयोजक थिए । खनालको संयोजकत्वको कार्यदलमा भीम रावल र प्रदीप ज्ञवाली सदस्य थिए । त्यो कार्यदलले साझा प्रतिवेदन तयार पार्न सकेको थिएन । खनाल र रावलले संशोधन बिना एमसीसी अनुमोदन गराउन नसकिने प्रतिवेदन तयार पारेका थिए । तर ओली निकट नेता ज्ञवालीले भने एमसीसी अनुमोदन गराउनुपर्ने प्रतिवेदन तयार पारेका थिए ।

तर कार्यदलको प्रतिवेदनले निष्प्रभावी बन्यो । एमसीसीबारे कुनै निर्णय नलिइ ओली सरकार ढल्यो भने नेकपा पनि विभाजित भयो ।

– बाँकी पृष्ठ २ मा



“अहिले एमसीसी पास हुने सम्भावना देखिदैंन । अमेरिकी सरकार केही नीति संशोधनका लागि तयार भयो भने मात्रै सो सम्भावना रहन्छ ।”

**हरि रोका**
*राजनीतिक विश्लेषक*

● नेताहरू भन्छन्

## एमसीसीकै कारण गठबन्धन तोडिन्न

*विवादित परियोजना एमसीसीकै कारण सत्तारुढ गठबन्धन नतोडिने नेताहरु दावी गर्छन् । तर पछिल्लो परिस्थिति हेर्दा भने गठबन्धन जोगाउन समेत सजिलो देखिन्न ।*

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १७ माघ

अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) टेबुल गराउने वा नगराउने भन्ने विषयले सत्तागठबन्धनभित्र

– बाँकी पृष्ठ २ मा

मिनवा म्यानपावरको ठगी


# श्रममन्त्रीको निर्देशनमा मिनवा म्यानपावरमा मार्शल अपरेसन

**मध्यान्ह सम्नाददाता**
काठमाडौं, १७ माघ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा गठित मार्शल टोलीले सिनामंगलस्थित मिनवा म्यानपावरमा स्टिइङ अपरेसन गरेको छ । आइतबारदेखि सञ्चालन भएको ‘कल सेन्टर’ मा कम्पनीले ठगी गरिरहेको सूचना आएपछि ‘मार्सल टोली’ले सोमबार स्टिइङ अपरेसन गरेको मन्त्री श्रेष्ठको निजी सचिवालयले जनाएको छ ।

म्यानपावरले वैदेशिक रोजगारीमा जाने श्रमिकसँग सरकारले तोके भन्दा धेरै रकम लिइ ठगी गरिरहेको सूचना आएपछि मन्त्रालयले गठन गरेको मार्सल टोलीले सञ्चालक हेमराज राईसहित तीन जनालाई नियन्त्रणमा लिएको पनि सचिवालयले जनाएको छ । वैदेशिक रोजगारीमा कतार जाने तयारीमा रहेका अलि मुस्तफासँग १ लाख २० हजार रुपैयाँ लिंदै गरेको अवस्थामा म्यानपावर संचालक राई, कर्मचारी साहरा थापा तथा एजेन्ट महोम्मद इसाक मियाँलाई रकमसहित नियन्त्रणमा लिइ केन्द्रीय अनुसन्धान







ब्यूरोमा लगिएको ‘मार्सल टोली’ का संयोजक बिष्णु लामिछानेले बताए ।

सरकारले तोकेभन्दा धेरै रकम लिने म्यानपावरबारे सूचना पाए तत्काल स्टिङ अपरेसन गरिने पनि लामिछानेले बताए । आइतबार ‘कल सेन्टर’ सुरुवात गर्ने क्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठसँग पहिलो फोनमा गुनासोकर्ताले

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## वैदेशिक रोजगारीबाट फर्किएकामा कुष्ठरोग !

**बनियानी/रासस–** झापामा वैदेशिक रोजगारीको सिलसिलामा खाडी मुलुकबाट फर्किएकाहरुमा कुष्ठरोग देखिएको छ । जिल्लामा चालू आव २०७८/०७९ को पुस मसान्तसम्म यस्ता पाँच जनमाा कुष्ठरोग फेला परेका छ । नेपाल कुष्ठरोग जिल्ला कार्यक्रम प्रमुख परशुराम पोखरेलले बुद्धशान्ति गाउँपालिकामा दुई, झापा गाउँपालिका, दमक र बिर्तामोड नगरपालिकामा एक/एक जना कुष्ठरोगी फेला परेको जानकारी दिए। उनीहरुको रोग पहिचानपछि उपचार सुरुआत भइसकेको छ ।

यसबाट वैदेशिक रोजगारीबाट फर्किएकाहरु

– बाँकी पृष्ठ २ मा

वस्तु तथा सेवाको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, विक्रेता र सेवा प्रदायकले उपभोक्त संरक्षण ऐन र नियमावली बमोजिमको कर्तव्य र जिम्मेवारी बहन गरी उपभोक्ताको हित संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मन्त्री उत्पादनको कारखाना !

प्रदेशसभा गठन भएको चार वर्ष नाघिसक्दा नाम समेत राख्न नसकेको प्रदेश-१ सरकार परिवर्तन र मन्त्री उत्पादनमा भने अगाडि देखियो ।





*प्रदेश-१ का मुख्यमन्त्री नियुक्त भएपछि शपथ लिदैं नेकपा एकीकृत समाजवादीका नेता राजेन्द्र राई । फाइल तस्वीर*

**अनिल श्रेष्ठ/मध्यान्ह**
विराटनगर, १७ माघ ।

प्रदेश-१ मन्त्रिपरिषद् बैठकले मन्त्रालय संख्या बढाउने निर्णय गरेको छ । मुख्यमन्त्री राजेन्द्र राईले मन्त्रालय संख्या बढाउने प्रस्ताव ल्याएका थिए । मुख्यमन्त्री राईले पाँच मन्त्रालय बढाउन ल्याएको प्रस्ताव पारित भएको छ । अर्थमन्त्री इन्द्र आङ्बोका अनुसार, प्रदेश-१ मन्त्रिपरिषद् अब १२ सदस्यीय हुने भएको छ ।

सात मन्त्रालयलाई फुटाएर १२ बनाउने प्रस्ताव पारित सँगै, मन्त्रालय रहने स्थानको पनि टुंगो लागेको मन्त्री आङ्बोले बताए । पाँच दलीय गठबन्धनमा प्रदेश सरकार बनेकाले भागबण्डा पुर्‍याउन मन्त्रालय बढाउन लागिएको हो ।

> गण्डकी, कर्णाली र लुम्बिनी प्रदेशमा दुई/दुई जना मुख्यमन्त्री बनिसकेका छन् । गण्डकी र लुम्बिनीमा एमाले सकार बदल्दै गठबन्धन सरकार बनेको हो ।

नेकपा एकीकृत समाजवादीका सचिव समेत रहेका मुख्यमन्त्री राईलाई नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाको समर्थन छ । यो प्रदेशमा जनमोर्चाको सांसद छैन । तर बाँकी गठबन्धनका दलभित्र देखिएको आकांक्षी संख्या समेट्न मन्त्रालय संख्या बढाउन लागिएको हो ।

गठबन्धन टिकाउन र सरकार सञ्चालनमा सहज बनाउन मन्त्रालय संख्या बढाउन लागिएको नेताहरुले बताएका छन् । यसअघि सात मन्त्रीको व्यवस्था हुँदै आएको थियो । तर नेकपा एमालेको सरकार बिस्थापित गर्दै बनेको प्रदेश सरकारमा १२ मन्त्रालय बनाउन लागिएको हो । अब चाँडै ९७ सदस्यीय प्रदेशसभामा १२ जना मन्त्री हुनेछन् । प्रदेशमा सांसद संख्याको २० प्रतिशत नबढ्नेगरी मन्त्रालय बनाउन सकिने व्यवस्था छ ।

तर तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेतृत्वको प्रदेश सरकारहरु चुस्त बनेको थियो । नेकपा विभाजित भएपछि राजनीतिक शक्ति समीकरण बिथोलिएपछि मन्त्रालय संख्या मात्रै बढेको छैन, प्रदेश सरकारहरु पनि बदलिदै आएका छन् । मधेश प्रदेश र सूदुरपश्चिम सरकार बाहेक सबै प्रदेशका सरकार बदलिएको छ । मधेश प्रदेश र सूदुरपश्चिम प्रदेशमा सत्ता गठबन्धन बदलिएसँगै मन्त्रीहरु हेरफेर भएका छन् ।

गण्डकी, कर्णाली र लुम्बिनी प्रदेशमा दुई/दुई जना मुख्यमन्त्री बनिसकेका छन् । गण्डकी र लुम्बिनीमा एमाले सकार बदल्दै गठबन्धन सरकार बनेको हो । कर्णालीमा भने माओवादी केन्द्रको सरकार काँग्रेस नेतृत्व सरकारले बदलेको छ । बागमती र प्रदेश-१ मा तीन/तीन जना मुख्यमन्त्री बनिसके । प्रदेश-१ मा राजेन्द्र राई अगाडि एमालेका शेरधन राई र भीम आचार्य मुख्यमन्त्री बनिसकेका छन् । तर अहिलेसम्म यो प्रदेशले नाम समेत राख्न सकेको छैन । तर प्रदेशसभा सदस्यहरु मध्ये झण्डै आधाले मन्त्री बन्ने अवसर पाइसके ।

# सर्वोच्चले भन्यो–दलितको हक कार्यान्वयन लागू गर्नू

**काठमाडौं/मस**–सर्वोच्च अदालतले मौलिक हकको धारा, ४० मा रहेको दलितको हक अधिकार सुनिश्चित हुने गरी तीन महिनाभित्र अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाउन आदेश गरेको छ।

न्यायाधीशहरु डा.आनन्दमोहन भट्टराई र प्रकाशकुमार ढुंगानाको संयुक्त इजलासले सोमबार तीन महिनाभित्र आवश्यक संयन्त्र बनाई उक्त योजना बनाई प्रभावकारी कार्यान्वयन गराउन सरकार र संघीय संसद्का नाममा आदेश गरेको हो। 'नेपालको संविधानको धारा, २४ तथा धारा, ४० द्वारा प्रत्याभूत हकहरूको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरूको परामर्शमा विद्यमान नीति र कानुनको पुनरावलोकन, सुधार र सुदृढीकरण गर्नु', आदेशमा भनिएको छ, 'त्यसका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्य र समय-सारिणीको निर्धारण, वार्षिक बजेट विनियोजन तथा मानव स्रोतसाधनको समेत व्यवस्था गरी दलित समुदाय र सो समुदायका व्यक्तिका समानता, विभेदहीनता, समता,




समावेशिता, सहभागितासम्बन्धी हक अधिकारको प्रचलन र सामाजिक न्याय सुनिश्चित हुने आवश्यक प्रबन्ध गर्नू।' दलित समुदाय र उक्त समुदायका व्यक्तिका समानता, विभेदहीनता, समता, समावेशिता, सहभागितासम्बन्धी हक अधिकारको प्रचलन र समाजिक न्याय सुनिश्चित हुने आवश्यक प्रबन्ध गर्न अधिवक्ता प्रकाश नेपालीले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए। सोही निवेदनमाथिको सुनुवाइपछि अदालतले सो आदेश जारी गरेको हो।

कार्यान्वयन एवं अनुगमनका सन्दर्भमा नेपाल सरकार, सरकारका सरोकारवाला मन्त्रालय, निकाय तथा संविधानद्वारा स्थापित आयोगसमेतसँग आवश्यक समन्वय गर्न/गराउन महान्यायाधिवक्ताको कार्यालयलाई जानकारी गराउन आदेशमा भनिएको छ।

# एक्स–रे का लागि मनाङवासी बाहिरी जिल्ला जानुपर्ने वाध्यता

**नवीन लामिछाने/रासस**
मनाङ, १७ माघ

मनाङ भौगोलिक रुपमा विकट भएकाले पनि उपचारको पहुँचमा पुग्न समस्या छ। सामान्य उपचारका लागि पनि जिल्लाबाहिर जानुपर्ने समस्या समाधान गर्न सम्बन्धित निकायलाई स्थानीयवासीको गुनासो छ। सामान्य चोटपटक लागेपछि उपचारका लागि अर्को जिल्ला जानुपर्ने बाध्यता हिमाली जिल्ला मनाङका स्थानीयले दिनहुँ खेपिरहेका छन्।

एक्स-रे, भिडियो एक्स-रे लगायतका प्राविधिक सेवा मनाङमा उपलब्ध छैनन्। यसले गर्दा यहाँ कुनै चोटपटक लागेका व्यक्ति पनि दुई/तीन दिन लगाएर छिमेकी जिल्ला पुगी उपचार गर्नुपर्ने बाध्यता रहेको छ। सामान्य देखिएका चोटपटकको उपचारका लागि जिल्लामा मेसिन उपलब्ध रहेपनि उपयोग भने नभएको



स्वास्थ्य कार्यालय मनाङका प्रमुख बद्री आचार्यले जानकारी दिए। उहाँका अनुसार जिल्लाको एउटा मात्रै अस्पतालमा पनि सामान्य सेवा प्रवाह गर्न मुस्किल भएको छ। 'अस्पतालमा आवश्यक चिकित्सक पनि उपलब्ध छैनन्। अस्पतालमा उपलब्ध सामग्री उपयोग गर्न सकेका छैनौं। यस विषयमा सम्बन्धित निकाय समक्ष समेत जानकारी गराएका छौं' आचार्यले भने।

विकट जिल्ला काम गर्ने कृषक तथा स्थानीयमा चोटपटक लागेमा अस्पतालसम्म पुर्याए पनि आवश्यक उपचार पाउन नसकेर अन्यत्र जिल्ला पुर्याउन सकिएन भने ज्यान जान सक्ने अवस्था छ। अस्पतालमा आएका बिरामीलाई सामान्यबाहेक अन्य सेवा पर्वाह गर्न नसकेको उनले बताए।

'मनाङवासीलाई समय हेलिकप्टर चाटर्ड गरेर मात्रै उपचारको पहुँचमा पुग्न सक्ने अवस्था छ। मौसम अनुकूल नभएको अवस्थामा ज्यान नै जान सक्छ। यस्तो जोखिमबाट जोगाउने उद्देश्यले प्रदेश, संघ तथा स्थानीय सरकार समक्ष पहल गरिरहेका छौं। हालसम्म सुनुवाई भने भएको छैन,' आचार्यले भने, 'समयमै सम्बन्धित निकाय सचेत भइदिएमा जिल्लावासीलाई यहीं नै सहज रुपमा उपचार सेवा दिन सकिनेछ।'

प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले स्वास्थ्य सेवा सहज बनाउन स्थानीय सरकारसँग पनि समन्वय भइरहेको बताए। उनका अनुसार यहाँका स्थानीय सरकारले पनि प्रदेश र संघीय सरकारलाई यसका लागि दबाब दिएका छन्। 'जिल्ला अस्पतालमा प्राविधिकको आवश्यकता छ।

## एमसीसी...

नेकपा विभाजित भइरहँदा एमाले र नेकपा माओवादी केन्द्र ब्यूतियो। एमाले समेत फेरि विभाजित भएर एकीकृत समाजवादी बन्यो। माओवादीका रामबहादुर थापा बादल सहित नेताहरुले माओवादी केन्द्र छोड्यो। नेकपा सरकार ढल्नु, ओलीले प्रधानमन्त्रीको हैसियतमा प्रतिनिधिसभा दुई पटक असंवैधानिक विघटन गर्नु र पाँच दलीय गठबन्धनको बहुमतमा शेरबहादुर देउवा प्रधानमन्त्री बन्नुको मुख्य कारण मध्ये एमसीसी एउटा कारण थियो।

विकसित घटनाक्रममा नेपाली काँग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जसपा र जनमोर्चाको गठबन्धनमा देउवा प्रधानमन्त्री छन्। तर एमसीसीबारे फेरि समस्या आइलागेको छ। बालुवाटारमा लगातार गठबन्धनको बैठक बसिरहेको छ। प्रधानमन्त्री देउवा एमसीसी अनुमोदनको पक्षमा छन्। एमसीसीले पनि अनुमोदनका निम्ति दबाव बढाउँदै आएको छ। एमसीसीका पदाधिकारी नेपाल आउनु, बक्तव्य जारी गर्नु जस्ता सार्वजनिक दबाव बढिरहँदा प्रधानमन्त्री देउवाले यो परियोजना अनुमोदन नभए गठबन्धन भत्कन सक्ने चेतावनी समेत दिदै आएका छन्।

नेता श्रेष्ठ भन्छन्।

तर, जनता समाजवादी संघीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराई भने एमसीसी पारित गर्न ढिलाई गर्ननहुने बताउँछन्। "एमसीसी सम्झौतालाई आलटाल नगरी सर्वसम्मतिले संसदबाट पारित गरौं! सबै एकमुख भएर जनतालाई बुझाऊ", अध्यक्ष भट्टराईले भने। उनको कुरामा धेरै विरोध जनाएका छन्। एमसीसी परियोजना पास भए देशको सार्वभौमसत्ता र अखण्डताका गुम्नसक्ने धेरैको आशंका छ।

पेश होला एमसीसी!

लामो समयदेखि निकै विवादित बनेको एमसीसीलाई टेबुल गराउन सभामुख अग्नि सापकोटा सकारात्मक देखिएका छैनन्। उनी दलहरुबीच सहमति जुटेमात्र एमसीसीबारे छलफल गर्न सकिने बताउँदै आएका छन्। तर, नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा भने एमसीसी पास गराउनुपर्ने पक्षमा छन्। उनको पार्टीभित्र एमसीसीबारे दुईमत देखिएपनि उनी सहमति जुटाएर पारित गराउनैपर्नेमा जोड दिइरहेका छन्। सत्ता गठबन्धनभित्र एमसीसी टेबुल गर्ने विषयमा सहमति जुटेको भएतापनि राजनीतिक विश्लेषक हरि रोका भने संसदबाट एमसीसी पारित हुने सम्भावना देख्दैनन्। अमेरिकी अनुदान मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौतालाई आलटाल नगरी सर्वसम्मतिले संसद्बाट पारित गर्नुपर्ने बताएका छन्। "अहिले एमसीसी पास हुने सम्भावना देखिदैंन। अमेरिकी सरकार केही नीति संशोधनका लागि तयार भयो भने मात्रै सो सम्भावना रहन्छ", विश्लेषक रोका भन्छन्।

उनले एमसीसीकै कारण गठबन्धन फुट्ने सम्भावना तत्काल नदेखिएको पनि बताए। सत्तागठबन्धनबीचमै मतभेदको विषय बनेको एमसीसी सदनबाट पास हुन गाह्रो देखिएको जानकारहरु बताउँछन्।

## नेताहरू....

मतभेद बढेको छ। एमसीसी पारित गराउन नहुने विषय उठाउँदै आएको नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीको यसमा असहमति देखिएपछि गठबन्धन नै टुट्ने विषय पनि बाहिरिएको छ।

गठबन्धनको बैठकले आगामी संसद् बैठकमा एमसीसी टेबुल गर्ने गरी सहमति गरेको सूचना तथा सञ्चारमन्त्री र कार्यदलका सदस्य ज्ञानेन्द्रबहादुर कार्कीले बताउँछन्। "हामी पास गर्ने पक्षमै छौं,यसलाई बिथोलिन दिनुहुन्न भन्नेमा गठबन्धनका दलहरू समेत सहमत छन्", कार्की भन्छन्। उनले एमसीसी पास नभए सत्तागठबन्धन टुट्ने समाचारको पछि नलाग्न समेत सबैमा आग्रह गरेका छन्। "गठबन्धन तोड्ने वा टुटाउने कुरा सत्य होइन। गठबन्धनमा कुनै समस्या छैन। हामी यसमा एक भएर अगाडि जान्छौं", प्रवक्ता कार्की भन्छन्।

नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ पनि एमसीसी परियोजना पारित गर्ने विषयमा कुनै सत्यता नभएको बताउँछन्। "गठबन्धनमा एमसीसी कम्प्याक्ट सम्झौता पारित गर्ने सहमति भयो भन्ने कुरा पनि सत्य होइन, कमसेकम हाम्रो पार्टी यथास्थितिमा त्यसको पक्षमा छैन", नेता श्रेष्ठ बताउँछन्। उनले एमसीसीका विषयलाई लिएर गठबन्धन तोड्ने प्रधानमन्त्री देउवाले चेतावनी दिएको विषय पनि झुटो भएको बताएका छन्। "भ्रममा नपरौं, प्रम देउवाले एमसीसीसँगको सम्झौता पारित नगरे सत्तारुढ गठबन्धन तोडिन्छ भनेर भन्नुभएको भन्ने सत्य होइन, आजको बिन्दुसम्म उहाँले त्यसो भन्नुभएको छैन"

## मिनवा...

म्यानपावरले सरकारले तोकेभन्दा बढी पैसा असुली गर्ने गरेको बताएका थिए।

मन्त्री श्रेष्ठले धेरै पैसा लिने म्यानपावरबारे कल सेन्टरमा जानकारी गराउन आग्रह गरेका छन्। वैदेशिक रोजगारीको खोजीमा रहेका, जाने क्रममा रहेका र विदेशमा अलपत्र पार्ने म्यानपावर कम्पनीमा अनुगमन तीव्र पारिने मन्त्री श्रेष्ठले बताए।

## वैदेशिक...

समेत कुष्ठरोगको जोखिम रहेको देखिन्छ। 'विदेशमा काम गर्ने क्रममा धेरै जना एउटै कोठामा बस्ने गर्छन्,' उनले भने, 'यसका कारण उनीहरु कुष्ठरोगको जोखिम हुन्छ।'

जिल्लामा चालु आवको पुष मसान्तसम्ममा ३६ जना नयाँ कुष्ठरोगी फेला परेको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक विश्वनाथ श्रेष्ठले जानकारी दिए। तीमध्ये एक/एक बालक र बालबालिका छन्। कुष्ठरोग निर्मूल पार्न ०-१४ वर्ष उमेर समूहलाई विशेष रुपमा हेरिन्छ। तर, दुई जना बालबालिकामा कुष्ठरोग देखिनुले उनीहरु कुष्ठरोगको जोखिममै रहेको देखिन्छ। जिल्लामा गत वर्ष १० बालबालिकामा कुष्ठरोग देखिएको कार्यालयले जनाएको छ।

यस रोगको जटिलता अनुसार १४ जनालाई ६ महिने र २२ जनालाई एक वर्षे कुष्ठरोगको औषधि सेवन गराइँदैछ। जिल्लामा औषधिबाट मात्रै उपचार सम्भव नभएका बिरामीलाई कुष्ठरोग सेवा केन्द्र लालगढ र आनन्दवन पठाइँदै आएको छ। गत वर्ष त्यस्ता २१ जना कुष्ठरोगीलाई पठाइको जानकारी दिँदै उनले भने, 'यस वर्षपछि तीन/चार जना रोगीलाई थप उपचारका लागि पठाएका छौं।'

जिल्लामा पछिल्लो चार वर्षयता कुष्ठरोगीको संख्या भने घट्दै गएको स्वास्थ्य कार्यालयको तथ्यांकले देखाउँछ छ। जिल्लामा आव २०७५/०७६ मा २१२, आव २०७६/०७७ मा १४० र आव २०७७/०७८ मा ९५ जना कुष्ठरोगी फेला परेका थिए। यसैगरी चालु आवको छ महिनाका अवधिमा ३६ जनामा कुष्ठरोग देखिएको छ। यसले जिल्लामा कुष्ठरोगीको संख्या घट्दै गएको देखाउँछ।

यस रोग निवारण अभियानमा जुटेका भने कोरोना भाइरसको सङ्क्रमणका कारण रोगीको पहिचान गर्न नसकिएकाले तथ्यांक कम आएको बताउँछन्। जिल्ला कार्यक्रम संयोजक पोखरेलले भने, 'कोरोना कारण 'केश फाइण्डिङ'को काम हुन सकेको छैन, अहिले देखिएका कुष्ठरोगी स्वतस्फूर्तरुपमा हाम्रो सम्पर्कमा आएका हुन्।'

जनस्वास्थ्य निरीक्षणक श्रेष्ठ सक्रिय खोजपड्ताल अर्थात् घरघरमा गएर चेकजाँच गर्ने हो भने कुष्ठरोगीको संख्या बढ्ने बताए। उनले भने, 'यो एउटा सामाजिक रोग हो, यो सामाजिक संस्कारसँग जोडिएको छ, त्यसैले यसलाई निर्मूल पार्नु चुनौतिपूर्ण काम हो।' जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख ईश्वरी पौडेल मानिसमा व्याप्त अज्ञानताले कुष्ठरोगलाई मलजल गरेको बताउँछन्। 'सामाजिक विभेदको डर पनि लक्षण देखिए पनि कुष्ठरोग पहिचानका लागि मानिस आउँदैनन्,' उनले भने, 'यसले रोगको पहिचान नभएर समुदायमा कुष्ठरोगको जोखिम बढिरहेको छ।' छाला र स्नायूमा असर गरी मानिसको शरीर अंगभंग हुने कुष्ठरोगको एक मात्रा औषधि सेवनले मात्र पनि रोगको सर्ने सम्भावना ९९ प्रतिशत घट्ने उनले बताए। कपिलवस्तु र बाँकेपछि झापा मुलुकभरमा कुष्ठरोगी संख्या बढी भएको झापा तेस्रो जिल्ला हो भने प्रदेश नं. १ मा पहिलो हो। झापापछि मोरङ दोस्रो स्थानमा छ। सन् २०३० भित्रमा कुष्ठरोग मुक्त मुलुक बनाउने सरकारको लक्ष्य छ।


**बीमालेख हरायो**

मिति २०७८/१०/१६ गते बानेश्वर एरियामा मेरो रिलायन्स लाईफ इन्योरेन्स लि. को निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालय मा बुझाई दिनुहुन अनुरोध गर्दछु।

**नाम:** Nirajan Chand
**बीमालेख नं.:** 301000004057
**सम्पर्क नं.:** ९८४३३६६९८६

रिलायन्स लाइफ इन्स्यारेन्स लि.

**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७८/१०/१८**

**ग्लोवल विजनेस कोओर्डिनेशन प्रा.लि., का.म.न.पा.–१०, काठमाडौं**को मिति २०७८/०९/१० मा बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **काठमाडौं इन्टरनेशनल कन्सल्टेन्सी प्रा.लि. (प्रा. लि. नं.: १४८५११),का.म.न.पा.–२८, काठमाडौं** कायम गर्ने गरी मिति २०७८/०९/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**संघीय आयोजना कार्यान्वयन ईकाइ**
**सुर्खेत**

**आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना**

**प्रकाशित मितिः २०७८/१०/१८**

यस कार्यालय बाट मिति २०७८/०८/२३ गते प्रकाशित **Construction of Ticket Counter Building, Public Toilet and Other Site Development Works of Bheri Buspark Musikot Rukum West. (FPIU/Surkhet/Work/NCB/09/078–79)** निर्माण कार्यको लागि **E–Bid** मार्फत बोलपत्र गरिएकोमा दर्ता भएका बोलपत्रहरु मध्ये निम्न बोलपत्रदाताहरुको बोलपत्रको प्राविधिक प्रस्ताब मुल्यांकन गर्दा तपशिलका बोलपत्रदाताहरु सारभूतरुपमा प्रभाबकारी देखिएको हुदा सार्बजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम ३१ (ङ) को उपनियम (५) बमोजिम निजहरुको आर्थिक प्रस्ताब २०७८/१०/२५ गते दिनको १:०० बजे यस कार्यालयमा खोल्ने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| **उर्तीण बोलपत्रदाताको नाम ठेगाना** |
|---|
| 1) Dhulikhel/Sisne Himal/Harisiddhi JV, Rukum West |
| 2) Ashraya/YSS JV, Birendranagar Surkhet |
| 3) Diwa/Yeti/Niagara JV, Lalitpur |
| 4) Mission/Leopard JV, Rukum West |
| 5) Keshav Shah Construction, Banke |

**आयोजना प्रमुख**

**Kamal Rural Municipality**
**Office of Rural Municipal Executive**
1 No. Province, Topgachhi, Jhapa

**INVITATION FOR ELECTRONIC BIDS**

**First Date of publication: 2078/10/18 (2022/02/01)**

1. ***Kamal Rural Municipality, Topgachhi , Jhapa*** invites electronic bids from eligible bidders for the following Construction ***works.***

| Contract ID No. | Name Of The Procurement | Procurement method | Eastimated Amount ( with VAT and PS) (NRs) | Bid Security Amount (Nrs) | Bid Document Fee (NRs) | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 29/KRM/ TRUSSBRIDGE /2078/079 | Construction of Truss Bridge In Geuriya River, Ward No. 5 | SQ-WORKS | 18,93,107.98 | 47,500.00 | 1000.00 | 2022/02/16 2078/11/04 12:00 NOON | 2022/02/16 2078/11/04 13:00 PM |
| 30/KRM/ SCHOOL /2078/079 | Construction of Classroom In Dharmabhakta School. Ward No. 3 | | 12,78,333.93 | 32,000.00 | | | |
| 31/KRM/TOILET/ 2078/079 | Construction of Toilet In Singhadevi School. Ward No. 7 | | 9,30,018.01 | 23,500.00 | | | |
| 32/KRM/TOILET/ 2078/079 | Construction of Toilet In Jyoti School. Ward No. 4 | | 10,43,842.06 | 26,000.00 | | | |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Kamal Rural Municipality, Topgachhi, Jhapa 023-475081, info@kamalmun.gov.np or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**CHIEF ADMINISTRTIVE OFFICER**

**Sitaram Secondary School**
**Uchchakot, Doti**

**Notice of Intention to Award Contract**

**Date of publication: 2078/10/18**

This notice has been published to inform all concerned, including the bidders, about the intention to Award Contract regarding the contracts under the tender notice no. 02-078/79/NCB/SMDOTI published in "Madhyana Patrika " National Daily (dated BS 2078/09/04) in accordance with Public Procurement Act, 2063 Clause 27 (2) and Clause 47.

| S.N | Contract No. | Description of Works | Name and Address of the successful bidder | Accepted Bid Amount Excluding VAT (NRs) |
|---|---|---|---|---|
| 1 | 01-078/79/ NCB/SRSDOTI | Sitaram Secondary School Building Construction Work at Shikhar Municipality-09,Doti | T.B. Engineering Consultancy & Construction Pvt. Ltd. | 69,09,824.52 |

**Office Chief**

# हराएको २४ लाख डोज खोप खो ज्दै सरकार

**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, १७ माघ

सरकारले तथ्यांकमा नआएको कोभिड १९ विरुद्धको २४ लाख डोज खोपको खोज्न शुरु गरेको छ।


खोपको खोजीका लागि छानविन समिति गठन गरेको सरकारले सोमबार मात्रै हालसम्म लगाएको खोपको यकिन विवरण र भण्डारणमा रहेको खोपको विवरण पठाउन तीनवटै तहलाई निर्देशन दिएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले एक सूचना जारी गर्दै स्वास्थ्य सेवा विभागअन्तर्गतको व्यवस्थापन महाशाखा, ७ वटै प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, ७७ वटै जिल्ला स्वास्थ्य कार्यालय र ७५३ स्थानीय तहलाई ५ दिनभित्र विवरण बुझाउन निर्देशन दिएको हो।

मन्त्रालयले २४ लाख डोज खोपको तथ्यांक नभेटिएको भन्दै त्यसको विवरण खोज्न समिति आइतबार पाँच सदस्यीय समिति गठन गरेको थियो। मन्त्रालयका प्रमुख विशेषज्ञ डा. गुणराज लोहनीको संयोजकत्वमा बनेको समितिले दुई साताभित्र प्रतिवेदन पेश गर्ने जनाइएको छ।

उक्त ५ सदस्यीय समितिले खोप अभिलेख विवरण अध्यावधिक गर्ने जिम्मेवारी पनि पाएको छ। मन्त्रालयकी प्रवक्ता डा. संगीता मिश्राका अनुसार समितिलाई प्रतिवेदन बुझाउन २ हप्ताको समयसीमा दिइएको छ।

प्रमुख विशेषज्ञ डा. गुणराज लोहनीको संयोजकत्वमा बनेको समितिमा प्रमुख जनस्वास्थ्य प्रशासक यशोदा अर्याल, अनिल थापा, अभियान गौतम सदस्य छन् भने वरिष्ठ स्वास्थ्य प्रशासक डा.गुणनिधि शर्मा सदस्यसचिव छन्।



गत माघ ४ गते संसद्को स्वास्थ्य तथा शिक्षा समिति बैठकमा स्वास्थ्य सचिव डा. रोशन पोखरेलले नेपालमा हालसम्म खपत भएको कोभिड १९ विरुद्धको खोपमध्ये २० देखि २४ लाख डोज खोपको विवरण सरकारसँगै आइनपुगेको रिपोर्ट पेस गरेका थिए।

खोप कार्ड नबनाएरै खोप लगाउने, सहरी क्षेत्रमा अधिकांशले तेस्रो डोज लगाएपनि त्यसको दर्ता नराख्ने, स्वास्थ्य संस्था तथा खोप केन्द्रहरूमा पहुँचका आधारमा खोप लगाउनेजस्ता घटना भएका कारण सो तथ्यांक सरकारसम्म आइनपुगेको तर्क उनले गरेका थिए।

यति ठूलो मात्रामा खोपको विवरण सरकारसँग नभएकोबारे सोही समितिमा सांसदहरूले प्रश्न उठाएका थिए। त्यसपछि सञ्चारमाध्यम तथा विभिन सरोकारवाला निकायहरूबाट यस विषयमा सवाल गरेपछि सरकारले सो खोपको विवरण खोज्न शुरु गरेको हो।

# गण्डकी प्रदेश समन्वय परिषद् कतारले रक्तदान कार्यक्रम गर्ने

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १७ माघ

गण्डकी प्रदेश समन्वय परिषद् कतारले यहाँको सरकारी हमाद हस्पिटल अन्तर्गत रहेको ब्लड डोनेसन सेन्टरसँगको सहकार्यमा रक्तदान कार्यक्रमको आयोजना गर्ने भएको छ।




रगत अभावको कारणले कसैको मृत्यु नहोस् भन्ने उद्देश्यका साथ आउँदो फेब्रुअरी ११ तारिक शुक्रबारका दिन गण्डकी प्रदेश अन्तर्गत रहेका जिल्ला सस्थाहरुको संयुक्त आयोजनामा उक्त रक्तदान कार्यक्रमको आयोजना गर्न लागिएको परिषद्ले जनाएको छ।

रक्तदान गर्नु जीवन दान गर्नु सरह भएको हुँदा कतारमा स्थापित सामाजिक, वैचारिक तथा जातीय संघ संस्थाहरू, पत्रकारहरू, बुद्धिजीवी, समाजसेवी, व्यवसायीहरूलगायत कतारलाई कर्मथलो बनाएर रहेका सम्पूर्ण नेपालीहरुलाई रक्तदान कार्यक्रममा सहभागी भइदिन परिषद् कतारका अध्यक्ष राकेश श्रेष्ठले अनुरोध गरेका छन्। श्रेष्ठले कोरोनाको महामारी कमी नभएको हुँदा सुरक्षाका सबै मापदण्ड अपनाउँदै सहभागी हुन अनुरोध गरेका छन्। उनले कार्यक्रम बिहानको ८ बजे देखि शुरु हुने मध्यान्हलाई जानकारी दिए।

रक्तदान गर्नको लागि कतारमा लगातार ६ महिनाभन्दा बढी अवधि बसोबास गरेको हुनु पर्नेछ भने रक्तदान पूर्व पछिल्लो २४ घण्टा कुनै पनि मदिरा सेवन नगरेको र वैद्य कतारी आइडी कार्ड साथमा हुनु पर्ने प्रावधान रहेको छ।

# महिलालाई आत्मनिर्भर बनाउन सीप विकास तालिम

**यामराज विष्ट/मध्यान्ह**
दैलेख, १७ माघ

दैलेखको आठबिस नगरपालिकाभित्र रहेका महिलाहरूलाई विभिन्न सीपमुलक तालिम दिएर आत्मनिर्भर बनाउन 'फाइबर ब्याग' सीप विकास तालिम दिइएको छ। सिलाइ, कटाइ, मेशिनबाट फाइबर ब्याग, स्विटर, टोपीलगायतका सामग्री बुनाईलगायतको सीप सिकाईबाट महिलाहरुलाई आत्मनिर्भर बनाउन आठबिस नगरपालिका र उद्योग तथा उपभोक्ता हित संक्षण दैलेखले सीप विकास तालिम सञ्चालन गरेको हो।



महिलाहरु आर्थिकरुपमा सक्षम नहुँदा समाजमा पछि परेकाले महिलाहरुलाई स्वरोजगार बनाउन तालिम सञ्चालन गरिएको उद्योग तथा उपभोक्ता हित संरक्षण दैलेखका लेखा सहायक भरत खत्रिले मध्यान्हलाई जानकारी दिए। सीप विकास तालिमअन्तर्गत पहिलो चरणमा १० जना भन्दा बढी महिलाहरूलाई फाइबर ब्याग सम्बन्धी तालिम दिइएको लेखा सहायक खत्रीले बताए।

सीप विकास मात्र गरेर नपुग्ने भएकाले सिकेको सीपलाई प्रयोग गरी व्यवसाय गर्न सकुन् भनेर महिलाहरुलाई व्यावसायिक अनुदान दिएको उनले जानकारी दिए। आयआर्जनमुलक पेशामा महिलाहरु लाग्न नसकेकाले उनीहरुलाई यस पेशामा आवद्ध गराउन तालिम दिइएको उनले बताए।

'महिलाहरु तालिम तथा सीपको अभावमा पनि आत्मनिर्भर बन्न सकेका छैनन्। तर सीप र तालिम अनि स्रोत र साधन पाएमा महिलाहरु पनि कमजोर छैनन् भन्ने कुराको प्रमाणित सीप विकास तालिमले नै गरेको छ,' खत्रीले भने।

सीप मुलक तालिम सञ्चालन गर्न उद्योग तथा उपभोत्ता हित सरंक्षण दैलेखले ५ वटा सिलाई कटाइ मेशिन, आठबीस नगरपालिका दैलेखले ५ वटा सिलाई कटाइ मिशिन खरिद गरेर ल्याएको हो। तालिममा आदीवासी जनजाति, दलित सामुदायका महिलाहरूलाई समेटिएको उद्योग तथा उपभोत्ता हित संरक्षणले जानकारी दिएको छ। उद्योग तथा उपभोक्ता हित संक्षण आठबिस नगरपालिका दैलेखले सीप विकास तालिम सञ्चालन गरेपछि स्थानीय खुशी भएका छन्।

## सिरहा डायरी

**राजेन्द्र महतो/मध्यान्ह**

# जनमत पार्टीद्वारा बयलगाडा जुलुस प्रदर्शन

जनमत पार्टीले मधेस प्रदेशका जिल्लाहरुमा सोमबार बयलगाडा जुलुस प्रदर्शन गरेको छ। किसानको मुद्दालाई उठाउँदै आएको सो पार्टीले सिरहा, सप्तरी, धनुषा, महोत्तरीलगायतका जिल्लाहरुमा बयलगाडा जुलुस प्रदर्शन गरेको हो।



गाउँ-गाउँबाट गोरुगाडा लिएर मधेश प्रदेशका जिल्लाहरुमा आएका जनमतका कार्यकर्ता र किसानहरुले 'किसानको माग पूरा गर' भन्दै प्रदर्शन गरेका हुन्।

जनमत पार्टी विगत एक महिनादेखि आन्दोलनरत छ। बीउविजन, सिँचाई, निःशुल्क विद्युत लगायतका किसानका मुद्दालाई उठाउँदै आएको जनमत पार्टीले किसान विधेयक जारी गर्न माग गरिरहेको छ।

किसान विधेयक जारी गरी किसानका समस्याहरुलाई समाधान गर्नुपर्ने माग राख्दै जनमत पार्टीले मधेस प्रदेशका जिल्लाहरुमा व्यापक प्रदर्शन जारी राखेको छ। माग पूरा नभएसम्म आन्दोलन जारी राख्ने जनमत पार्टीको भनाइ छ।

# माघ मसान्तसम्म शिक्षण संस्थाहरु भौतिक रुपमा सञ्चालन नगर्ने

कोभिड नियन्त्रण गर्न सिरहाका शिक्षण संस्थाहरु माघ मसान्तसम्म भौतिक रुपमा सञ्चालन नगर्न कोभिड व्यवस्थापन एवं विपद् व्यवस्थापन समिति सिरहाको संयुक्त बैठकबाट निर्णय गरेको छ।

सोमबार सिरहामा बसेको कोभिड व्यवस्थापन एवं विपद् व्यवस्थापन समिति सिरहाको बैठकले सो निर्णय गरेका हुन्।

बैठकले कलेज, ट्युशन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलाप सञ्चालन गर्दा माघ मसान्तसम्म भौतिक रुपमा उपस्थितिमा सञ्चालन नगर्ने निर्णय गरिएको छ। शैक्षिक क्रियाकलाप भर्चुअल वा वैकल्पिक शिक्षण सिकाइका विधिहरु अपनाएर सञ्चालन गर्न निर्णयमा उल्लेख गरेको छ। त्यस्तै, सबै खाले परीक्षाहरु सञ्चालन गर्दा जनस्वास्थ्यका मापदण्ड पालन गरी सञ्चालन गर्न भनेको छ। बैठकले सिनेमा हल, डान्स बार, दोहोरी नाच घर, क्लव, जिम खाना, स्विमिङ पुल, फुटसल, पटके हाटबजार र मानिसहरुको भिडभाड हुने अन्य प्रकारका कार्यक्रम पनि माघ मसान्तसम्म सञ्चालन नगर्न निर्णयमा उल्लेख गरेको छ।

# विपन्न परिवारलाई राहत

जिल्ला प्रशासन कार्यालय सिरहाले दुई नगरपालिकाका विपन्न परिवारलाई राहत वितरण गरेको छ। सिरहा प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीले



शितलहरबाट प्रत्यक्ष प्रभावित जिल्लाको धनगढीमाई नगरपालिका र मिर्चैया नगरपालिकाका विभिन्न वडाका विपन्न परिवारहरूलाई राहत वितरण गरेको हो।

शितलहर पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७८ अन्तर्गत जिल्ला प्रशासन कार्यालय सिरहाले धनगढीमाई नगरपालिकाका वडा नम्बर ५, ६, ७, ९, १२ र १३ का करिब दुई सय जनालाई प्रति व्यक्ति २५ किलो चामल, १० किलो पिठो, बल्याङ्केट १ थान, १ लिटर खानेतेल, १ किलो नुन, चना १ किलो, चिनी १ किलो, मुसुरो दाल १ किलो, साबुन ४ पिस लगायतको सामग्री सहयोग गरेको प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीले बताए।

त्यस्तै मिर्चैया नगरपालिकाको विभिन्न वडाहरूमा ५ सय थान बल्याङ्केट वितरण गरेको उनले बताए।

उक्त सामग्री चुजी फाउण्डेशन ताइवानले जिल्ला प्रशासन कार्यालय सिरहालाई सहयोग गरेको छ।


प्रदेश सरकार

## शम्भुनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कठौना, सप्तरी
मधेश प्रदेश, नेपाल

### शिलबन्दी र ठेक्का स्वीकृत गर्ने आशय पत्रको सूचना

यस कार्यालयको मिति २०७८ साल पुष ०२ गतेमा राष्ट्रिय दैनिक पत्रिका हिमालय टाइम्समा प्रथम पटक प्रकाशित सूचना र मिति २०७८ साल पुष ०७ गतेमा राष्ट्रिय दैनिक पत्रिका मध्यान्हमा प्रथम पटक प्रकाशित सूचना बमोजिम देहायका निर्माण कार्य गर्नको लागि रित पुर्बक दर्ता हुन आएको बोलपत्र न्युनतम मुल्यांकन सारभूत रुपमा प्रभावग्राही भई यस कार्यालयको मिति २०७८/१०/०६ र ७ तथा ९ र १० गतेको निर्णय अनुससार स्वीकृतिकोको लागि छनौट गरिएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उप दफा २ को प्रयोजनार्थ सम्बन्धि सबैको जानकारीको लागि यो सूचना प्रकशित गरिएको छ।

तपशिल

| क्र.स. | ठेक्का नं. | कार्यको विवरण | कबोल अंक मु. अ. कर समेत | सारभूत प्रभावग्राही फर्मको नाम ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | 22/T/SHMUN/ 2078/079 | भगबती थानदेखी उतर भोला बाबा मन्दिरसम्म भगबतपुरसम्म सडक निर्माण | १३,२२,७६१.०६ | त्रियाक कन्स्ट्रक्सन पेप्सीकोला ३२, काठमाडौं | |
| २. | 23/T/SHMUN/ 2078/079 | शम्भुनाथ मन्दिरको स्तरउन्नति तथा बिबाह मण्डप निर्माण कार्य | १३,३२,५२७.६६ | ओमकारा इन्जिनियरिंग कन्सल्टेन्सी एंड कन्स्ट्रक्सन प्रा. लि. राजविराज ८ सप्तरी | |
| ३. | 24/SQ/SHMUN/ 2078/079 | वडा नं. ४ मा आर सी सी ढलान कार्य | ८,७०,९९५.०३ | युनीसन इन्जिनियरिंग कन्स्ट्रक्सन एण्ड सप्लायर्स शम्भुनाथ ६ | |
| ४. | 25/SQ/SHMUN/ 2078/079 | नगर भवन निर्माण कार्य | १९,२८,३५५.६० | ठाकुर निर्माण सेवा राजविराज ८, सप्तरी | |

**रन्जना साह**
**प्रमुख प्रशासकीय अधिकृत**



## कतारमा रोजगार

**१. कम्पनी: Al Masarin Trad and Cont WLL** शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/१०/१७ चलानी नं.: ६०१७३७७५ LT. No.: 257159

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plaster Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ३९,२८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २६ गते (9 February 2022) मा हुनेछ।

**२. कम्पनी: MALAYALAM RADIO** शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/१०/१७ चलानी नं.: ६०१७३७७६ LT. No.: 257160

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 1 | 0 | सम्बन्धित काममा दक्ष | 3600 | ११७,८६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourer | 3 | 0 | | 1000 | ३२,७४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २५ गते (8 February 2022) मा हुनेछ।

**३. कम्पनी: ALIGARH TRADING AND CONTRACTING** शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/१०/१७ चलानी नं.: ६०१७३७७७ LT. No.: 257158

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,२८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Pipe Fitter | 2 | 0 | | 1200 | ३९,२८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २५ गते (8 February 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/१०/१८

यस कम्पनीको मिति २०७८/१०/०४ मा सम्पन्न एकलशेयरधनीको निर्णय बमोजिम साविक कम्पनी **स्टोनवर्क कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि. नं. २००८६२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/१०/०९ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **श्रीकेदार हटैराज मैना कन्स्ट्रक्सन प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।



**HOSPITALITY TRAINING**

Hilton Academy Pvt.Ltd. — A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation

विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं।



नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

# सपनाको अवशान

मिन पचासलाई विदाइ गर्दै नयाँ मौसमको सेतू बन्ने माघ नेपाली राजनीतिक परिवर्तनले सम्झने महिना हो । क्रान्ति र प्रतिक्रान्ति दुवै महाघटनाका निम्ति माघ सूचक महिना पनि हो । पछिल्लो राजनीतिक घटनामा माघ मधेश विद्रोहको प्रतीक महिना हो । २०६३ सालको अन्तरिम संविधानप्रति असहमति जनाउँदै भएको मधेश विद्रोहका निम्ति यो महिना विशेष छ । उपेन्द्र यादवको नेतृत्वमा भएको मधेश विद्रोहका क्रममा प्राणको आहूती दिने शहीदको सम्झनामा माघ पहिलो साता 'बलिदानी दिवस' मनाउने गरिएको छ । मुलुकमा संघीयता स्थापित गराउने उक्त विद्रोहलाई मधेश प्रदेशमा वर्षेनि शहीद दिवस मनाइदै आएको छ । १० देखि १६ माघसम्मको अवधिलाई २००७ सालबाटै शहीद दिवस मनाउने गरिएको छ ।

निरंकुश जहानीय राणाशासन अन्त्य गर्दै प्रजातन्त्र स्थापना गर्न प्राणको आहूती दिएका शहीदहरूको सम्झनामा आज पर्यान्त शहीद दिवस मनाउने गरिएको छ । राणाशासन अन्त्यपछि पनि मुलुकमा व्यवस्था परिवर्तनको आन्दोलन गर्नुपर्ने अवस्था हटेन । शहीद सप्ताह शासकले मनाइरहे, तर व्यवस्था परिवर्तनको आन्दोलन चलिरह्यो । राणा शासन अन्त्य भएपनि प्रजातन्त्र कायम हुन सकेन । राजा महेन्द्रले पञ्चायती व्यवस्था थाले । ३० वर्ष पञ्चायत चलिरहँदा अनेक विद्रोह भयो । विद्रोहले शहीद जन्मायो । २०४६ सालमा पञ्चायत अन्त्य भयो । तर फेरि प्रजातन्त्रले पूर्णता पाएन । २०६१ माघमा ज्ञानेन्द्र शाहले शाही कू गरे । शाही कू विरूद्ध २०६२/०६३ सालमा फेरि जनविद्रोह भयो ।

उक्त विद्रोहले राजतन्त्र अन्त्य भएपनि केन्द्रीत व्यवस्था अन्त्य गर्न मधेश आन्दोलनको खाँचो पर्‍यो । संसदीय व्यवस्थाकै विकल्पमा २०५२ सालमा माओवादीले सशस्त्र विद्रोह गरे । दश वर्षे विद्रोहमा १७ हजार नेपालीको प्राण गयो । पञ्चायती व्यवस्थाविरूद्ध भएका विद्रोहमा ठूलै संख्यामा प्राणको आहूती दिने संख्या थपिए । अहिले पनि व्यवस्थाप्रति पूर्ण सन्तुष्टि देखिदैन । अर्थात् हरेक पटकको विद्रोहले शहीदको संख्या बढाएको छ, तर त्यो आन्दोलनबाट प्राप्त उपलब्धी संस्थागत हुन सकेको छैन । भर्खरै, शहीद सप्ताह सकिएको सन्दर्भमा यसतर्फ सोच्न जरूरी छ । शहीद सजिलो शब्द होइन, अझ शहीद बन्ने प्रक्रिया कठिन छ । तर अनेक विद्रोहका क्रममा देखिएका सपना सधैं सार्थक नबन्ने नियति दोहोरिने गरेको छ । यो अप्रिय नियति बदल्ने सामर्थ्य र संस्कृतिको निरन्तरता बिडम्बना हो ।

# एमसीसी र राष्ट्रघात

एमसीसीले जे-जसरी प्रस्ताव बनाएको छ र जसमा छलफल गर्न, व्याख्या गर्न र स्पष्टीकरण सोध्नसमेत नपाउने व्यवस्था गरेको छ, त्यो निकै खतरनाक विषय छ ।

अग्रलेख



● खगेन्द्र छन्त्याल

### विश्वमा एमसीसीको उदाहरण

नेपालमा विवादित बनिरहेको एमसीसी परियोजना विश्वका विभिन्न १७ मुलुकमा कार्यान्वयनमा छ । सम्झौता भएका २७ मध्ये १० मुलुकमा कार्यान्वयन हुन सकेको छैन । कतिपय देशहरूमा एमसीसीलाई पहिले स्वीकार गर्ने तर, पछि जनताको व्यापक विरोधपश्चात अस्वीकार गर्ने गरेको पनि उदाहरण पनि छ । अर्कोतिर परियोजना सम्पन्न नहुँदै यदि अमेरिकाको चित्त बुझ्दो नभएमा विभिन्न बहाना गरेर बीचमै एमसीसी फिर्ता हुने गरेको पनि कैयौ घटनाहरू छन् । त्यसरी फिर्ता हुनको निम्ति एमसीसी सम्झौतामा उसले आफ्नो निम्ति सुविचारिक ढंगले प्रावधानको व्यस्था गरेकोछ । श्रीलंकाले सुरूमा एमसीसीलाई स्वीकार गरेको थियो तर, पछि जनताको व्यापक विरोधपश्चात त्यसलाई क्याविनेटबाट पारित गरिएन । आर्थिक वृद्धिको नाममा ४८० मिलियन अमेरिकी डलर बोकेर श्रीलंका छिरेको एमसीसीलाई त्यहाँको जनताले खारेज गरिदिए ।

त्यस्तै, तान्जानियाबाट सन् २०१६ मा एमसीसी भागेको घटना पनि महत्वपूर्ण छ । त्यसको कारण थियो त्यहाँ अमेरिकाले नचाहेको समयमा निर्वाचन हुनु । मादागास्करमा सन् २००८ मा एमसीसी पसे लगत्तै २००९ मा भागेको थियो । त्यसको कारण थियो त्यहाँ अमेरिकाले नचाहेको शासक परिवर्तन परिवर्तन हुनु । तान्जानिया र मादागास्करबाट के कुरा प्रष्ट हुन्छ भने एमसीसी विशुद्ध आर्थिक सहयोग मात्र होइन यसमा राजनैतिक स्वार्थ पनि लुकेको छ ।

मालीमा सिँचाईको निम्ति भनेर एमसीसी पस्यो । त्यहाँ आफ्नै जमिन किसानले महँगो किन्ने अवस्था भयो । एमसीसीले त्यहाँ जग्गाको व्यापार सुरु गर्‍यो । आफ्नै जमिनमा एमसीसीले जग्गाको व्यापार सुरु गरेपछि मालीका जनताले प्रतिरोध गरे । जनताको प्रतिरोधपश्चात एमसीसी त्यहाँबाट भाग्न बाध्य भयो ।

मालावीमा त्यहाँको आर्थिक राजनैतिक अवस्था आफ्नो चित्त नबुझ्दो नभएको बहाना गरेर अमेरिकाले एमसीसीको सहयोग निलम्बन गर्‍यो । पछि त्यहाँको आर्थिक र राजनैतिक परिस्थिति अमेरिका अनुकुल बनेपश्चात त्यसको १ वर्ष पछि फेरि सुचारू गर्‍यो । त्यस्तै, घानाको विद्युत कम्पनीले फिलिपिन्सको विद्युत कम्पनीलाई विद्युत संचालन गर्न दिएको सम्झौता रद्ध गरि आफै विद्युत संचालन गर्ने निर्णय गर्‍यो । उक्त कुरा अमेरिकालाई चित्त बुझेन त्यही कारणले १९ करोड अमेरिकी डलर बराबरको सहयोग बोकेर घाना गएको एमसीसी त्यहाँबाट भाग्यो । कोसोभोले सर्वियामा उत्पादित वस्तुमाथि कर लगाउने निर्णय गर्‍यो । यो कुराले अमेरिकाको टाउको दुख्यो । उसले कर हटाउन निर्देशन दियो तर, कोसोभोले टेरेन । यही कारण देखाउदै ५ करोड अमेरिकी डलरको एमसीसी परियोजना कोसोभोबाट भाग्यो । यी तथ्यहरूले के प्रष्ट पार्दछन् अमेरिकाले चाहे जस्तो नभएमा परियोजना चल्दा चल्दै कुनै पनि बेला एमसीसी कुनैपनि देशबाट भाग्न सक्दछ । यदि त्यस्तो भयो भने परियोजना लागु भएको देशमा थप समस्या सिर्जना हुन्छन् ।

### नेपालसँगको सम्झौता

चीनसँग सिमाना जोडिएको कारण अमेरिकाको निम्ति सामरिकरूपबाट नेपाल उत्तम मुलुक त थियो नै यहाँको गरिबी र अविकसित अवस्था अमेरिका प्रवेश गर्नको निम्ति राम्रो बहाना पनि बन्यो । नेपाल सरकार र एमसीसीबिच २०७४ साल भदौ २९ गते (१४ सेप्टेम्वर २०१७) मा सम्झौता भएको थियो । एमसीए नेपाल विकास समिति गठन आदेश, २०७४ बारे सरकारले ०७४ साल चैत्र २० गते निर्णय गरेको थियो । ५ असोज २०७५ मा मन्त्रीपरिषद् बैठकले यसलाई 'राष्ट्रिय गौरवको आयोजना' को सूचीमा राखेको थियो । एमसीसी कै माग अनुसार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले यस सम्झौतालाई संसदको सामान्य बहुमतले पारित गर्ने निर्णय २०७५ साल कार्तिक २६ गते गरेको थियो । २०७५ साल माघ २५ गते मन्त्रीपरिषद्को बैठकले मन्त्रालयको सो निर्णयलाई स्वीकृत गरेको थियो । एमसीसी सझौतामा नेपालको तर्फबाट ज्ञानेन्द्रबहादुर कार्की र अमेरिकाको तर्फबाट



"एउटा टेलिभिजन अन्तरवार्तामा अमेरिकी राजदुत रेन्डी वेरीले प्रस्टसँग भनेका छन्, "एमसीसीमार्फत अमेरिकाले खर्च गर्न लागेको ६० अरब रूपैयाँ लगानी हो ।" तर, अमेरिकी पक्षले विषय प्रष्ट गराउँदा गराउँदै पनि नेपाली जनतालाई झुक्काएर कतिपयले यो अनुदान हो भनेर भनिरहेका छन् । जुन आफैंमा लज्जास्पष्द र राष्ट्र विरोधी छ ।

जोनाथन जिनासले हस्ताक्षर गरेका छन । हस्ताक्षरकर्ता कार्की नेपाल सरकारको तत्कालिन परराष्ट्रमन्त्री थिए र जोनाथन जिनास एमसीसीका कार्यकारी अधिकृत । यसरी सम्झौतामा एउटा देशको मन्त्री र अर्को देशको सामान्य कार्यकारी अधिकृतले हस्ताक्षर गर्नु आफैमा असमान र अपमानजनक कार्य थियो ।

एमसीसीले नेपालमा दुई वटा क्षेत्रमा मात्र काम गर्ने घोषणा गरेको छ । त्यस मध्ये एक : ३ सय १२ कि. मि. लामो दोहोरो सर्किटयुक्त ४ सय केभीको विद्युत प्रसारण लाइन निर्माण गरेर भारत-नेपालबीचको दोस्रो सीमापार विद्युत प्रसारण लाइनसँग जोड्ने । उक्त विद्युत प्रशारण लाइनको रूट पनि उसले निश्चित गरेको छ । यसअन्तर्गत लप्सी फेदीदेखि रातमाटे, रातमाटेदेखि हेटौडा, रातमाटेदेखि दमौली, दमौलीदेखि बुटवल र बुटवलदेखि गोरखपुरसम्म रूट ठोस गरेको छ । त्यस्तै एमसीसीले नेपालमा गर्ने भनेर निश्चित गरेको अर्को काम हो सडक मर्मत र विस्तार । सडक मर्मत र विस्तारको पनि उसले भूगोल छनोट गरेर स्पष्ट योजना तय गरेको देखिन्छ । यसअन्तर्गत हेटौडादेखि भीमफेदी, चार आलीदेखि फिदिम, धरानदेखि बसन्तपुर/चित्रे, कदमाहादेखि गाईघाट र अमेलियादेखि तुलसीपुरसम्मको ९९ किमि सडक मर्मत र विस्तार गर्ने उसको योजना छ । यी दुई कामको निम्ति लाग्ने कुल खर्चमध्ये १३ करोड डलर (करिब नेपाली १६ अरब रूपैयाँ) नेपालले र ५० करोड डलर (करिब ६० अरब नेपाली रूपैयाँ) एमसीसीमार्फत अमेरिकाले खर्च गर्ने भन्ने छ ।

### अमेरिकी खर्च : अनुदान कि लगानी ?

यहाँ प्रश्न उठेको छ अमेरिकाले नेपालमा गर्न खोजेको लगानी हो वा अनुदान ? नेपालको एउटा टेलिभिजनमा कार्यक्रम प्रस्तोता भुषण दाहालसँगको एक अन्तरवार्तामा अमेरिकी राजदुत रेन्डी वेरिले प्रस्टसँग भनेका छन् एमसीसीमार्फत अमेरिकाले खर्च गर्न लागेको ६० अरब रूपैयाँ लगानी हो । विषय यसरी प्रष्ट हुँदाहुँदै पनि नेपाली जनतालाई झुक्काएर संसदमा एमसीसी सम्झौता पारित गर्नको निम्ति कतिपयले यो अनुदान हो भनेर भनिरहेका छन् । ती भन्ने बुझ्न आवश्यक छ, यदि त्यो विशुद्ध अनुदान हो भने अनुदान दिने र लिने समयसीमा पटक-पटक सकिँदा पनि किन दिने पक्षबाट एकतर्फी पटक-पटक समय थप गरिरहेको छ ? अनुदान लिने देशका बहुसंख्यक जनताले अनुदानको विरूद्धमा जनमत व्यक्त गरिरहँदा पनि दिने पक्षले एकतर्फी ढंगले किन दिन मात्र खोजिरहेको छ ? दान लिनेभन्दा दिने दाता किन बढी नै आतुर बनेको छ ? यदि त्यो अनुदान हो भने ति खतरनाक दर्जनौ सर्तहरू किन राखिएको छ ? सर्तसहितको दान कस्तो दान हो ? अतः यी तथ्यको आधारमा स्पष्टरूपमा भन्न सकिन्छ, एमसीसीमार्फत अमेरिकाले नेपालमा खर्च गर्न चाहेको ६० अरब रूपैयाँ कुनै अनुदान नभई उसको नेपाल लुट्ने लगानी हो ।

### सार्वभौमिकतामाथि प्रश्न उठाउने सर्त

तथ्यहरूले स्पष्ट पारेको छ, नेपालमा एमसीसी अनुदान होइन, अमेरिकी लगानी हो । अवश्य लगानीमा सर्त हुन्छन्, त्यसकारण आफ्नो लगानीको निम्ति एमसीसीले सर्त राख्दैमा हाम्रो गुनासो हुनु हुँदैन, छैन । तर, उसले राखेको सर्तका प्रकारमा हाम्रो असहमती र आपत्ति हो । नेपालको राष्ट्रियता, स्वतन्त्रता र सार्वभौमसत्तालाई नै प्रभावित गर्ने प्रकारका सर्तहरू नेपाल र नेपालीका निम्ति किमार्थ स्वीकार्य हुँदैनन् ।

एमसीसीले जे-जसरी प्रस्ताव बनाएको छ र जसमा छलफल गर्न, व्याख्या गर्न र स्पष्टिकरण सोध्नसमेत नपाउने व्यवस्था गरेको छ, त्यो निकै खतरनाक विषय छ । अर्कोतर्फ, उसले मागेको भूभाग र स्रोतहरु अर्को परियोजनामा प्रयोग गर्न नपाउने गरी हस्तान्तरण गर्ने कुरा उल्लेख छ । जुन कुनै कम्पनीलाई बेच्नु सरह हुनेछ ।

त्यसैगरि, एमसीसी प्रस्ताव संसदबाट पारित भएपछि नेपाल सरकारले यसबारे कुनै जानकारी लिन चाहेमा एमसीसीबाट अनुमति लिनु पर्ने र संसदबाट पारित हुनासाथ यसको परिचालन एमसीसीले बनाएको बोर्डले मात्र गर्ने तर, यसमा नेपाल सरकारको कुनै भूमिका उल्लेख छ । अर्कोतर्फ, एमसीसी संसदबाट पारित भएपछि अमेरीकी कानून सक्रिय हुने र त्यससँग बाझिने नेपालका कानूनहरू स्वतः निष्कृय हुने उल्लेख छ । जसले नेपालको संविधानभन्दा एमसीसी माथिल्लो निकायको रुपमा समेत परिभाषित गरेको छ ।

विद्युत ट्रान्समिशन लाइन र सडक सञ्जाललाई सञ्चालन गर्न एमसीसीका नियमहरू अन्तर्गत समानान्तर स्वतन्त्र निकायहरू बन्ने, एमसीसीका नाममा नेपालको कानूनले नसमात्ने गरी छुट्टै खाता हुने र त्यसले गर्ने अन्य संकास्पद बैंकिङ कारोबार तथा त्यसबाट आउने ब्याज अमेरिकाको हातमा हुने, नेपालले हाल्ने भनिएको १३० मिलियन डलरको विनियोजन पनि एमसीसीले आफ्नै योजनामा गर्ने, नेपालले सोध्न नपाउने जस्ता कुराहरु छन् । जसले स्वतः नेपालको कमजोर बनाउने छ ।

उल्लेखित सर्तहरुसँगै परियोजनाअन्तर्गत आउने सम्पूर्ण बौद्धिक सम्पत्तिमा अमेरिकाको एकलौटी अधिकार हुने, परियोजनाका लागि आवश्यक सबैसामानहरू एमसीसीको स्वविवेकमा खरिद गर्ने, हतियार ल्याए पनि नेपालले सोध्न नपाउने, परियोजनाअन्तर्गका सबै काममा कर नलाग्ने, सम्झौता भारतले स्वीकृत गरेको हुनु पर्ने जस्ता कुराहरु मुलुक विरोधी छन् । जसले हाम्रो सार्वभौमिकतामाथि नै प्रश्न उठाइरहेको छ ।

## सामाजिक सञ्जाल



- डा. बाबुराम भट्टराई

एमसीसी सम्झौतालाई आलटाल नगरी सर्वसम्मतिले संसदबाट पारित गरौं ! सबै एकमुख भएर जनतालाई बुझाउँ ! यही बहानामा प्रतिगमनविरोधी गठबन्धन नटुटोस् । यो प्रकरण नेपालका रूढिवादी 'कम्युनिष्ट'का लागि घाँटीको हाड नबनोस ! देश थप कंगाल बनेर जनसंख्या अरू नघटोस ! शक्तिकेन्द्रहरूको चलखेलबाट देश बरबाद नहोस !



- डा. भिम रावल

प्रमं देउबालाई एमसीसी सम्झौता अनुमोदन गर्नैपर्ने विदेशी दबाब आएकोले त्यो नगर्ने हो भने गठबन्धन सरकार नै भंग गरिदिने रे ‼ एमसीसी चाहिन्न भन्ने स्वाधीन नेपाली जनमतको दबाबलाई बेवास्ता गर्ने तर विदेशी दबाब सामु घुँडा टेक्ने देउबाजी नेपालीको प्रमं कि विदेशीको ? जनतालाई जवाफ दिनुहोस् ।



- सुर्यराज आचार्य

'बालुवाटारे बार्ता'
'मलाई धानि नसक्नु प्रेसर आयो।। एमसिसी पास गरिहालौं'
'राष्ट्र अहितका बुँदा संशोधन गरेर मात्र पास गरौं'
राष्ट्र हितका कुरा छाड्नुस, गठबन्धन जोगाउने हो भने जस्ताको तस्तै पास गर्न तयार हुनुहोस ।
यो समय देश जोगाउने तिर भन्दा गठबन्धन जोगाउने तिर ध्यान दिउँ' धिक्कार !



- केशब दाहाल

मासिक ५० लाख आम्दानी हुने गौशाला धर्मशाला २२५० रूपैयाँ भाडामा । मंन्दिरमा, गजुरमा, धर्मशाला, गौरवका आयोजना, ट्रष्टका जमिन, संस्थान र परियोजनामा सर्वत्र लुट । यो सब देशले कसरी धान्न सक्छ ? भ्रष्टाचार विरूद्ध ठूलो आन्दोलन आवस्यक भयो । जसले भ्रष्टहरूलाई पाता फर्काओस् र जेल पठाओस् ।

## पत्र



● कौशल गोपालवंशी

जसरी युद्ध हुँदा गोली खानलाई रोबर्ट अगाडि राखेर सेनाहरु पछाडि बसेर सुरक्षित हुन्छ त्यसरी नै यी रिसर्चरले ठाउँ-ठाउँमा रोबर्टलाई राखेर आतंक फैलाउँदै छ ताकी कुनै घटना भएपनि क्षति चाहि रोबर्टलाई हुने अनि आफू सुरक्षित हुने व्यवस्था मिलाएको हो ।

# सिके राउतले जन्माएको आन्दोलन र मधेश

विदेशीको प्रयोगशाला बन्दै छ मधेश । मधेशमा विभिन्न विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गरेर रिसर्चको काम गर्दै गरेको देखिन्छ । हुन त मधेशमा रहेको धेरै तथ्य बाहिर नआएकोले यहाँ ग्रामीण स्तरको रिसर्चको एकदम आवश्यकता देखिन्छ । यसै सिलसिलामा बाहिरबाट आफूलाई वैज्ञानिकको उपाधी लिएर आएको एक जना व्यक्तिको रिसर्चका कारण कतिपय युवामा मानसिक परिवर्तन भएको देखिएको छ । यी रिसर्चरको रिसर्च क्षेत्र युवा पिढीं रहेको देखिन्छ । यसले युवा पिढीँलाई भौतिकभन्दा काल्पनिक संसारको सपना देखाएर उनीहरुको मनोविज्ञानसँग खेलवाड गर्दै देखिन्छ ।

शुरुवातमा यी रिसर्चरले सबैलाई काल्पनिक देशको नागरिक बनाइदिने ठूलो सपना देखाउनु भको थियो । यिनले वर्तमान भन्दा छुट्टै नयाँ संसारको सपना देखाउने कार्यको शुरूवात मधेशी युवाहरू जो बाहिर प्राविधिक अध्ययनको सिलसिला गएको विद्यार्थी वर्गलाई निशाना बनायो । हुन त विद्यार्थी अर्थात् किशोरलाई वास्तविकभन्दा यस्तै काल्पनिक सपना देखाउने मान्छे मन पर्छ । शायद यहि भएर होला यिनको रिसर्चमा तिनै युवा सामिल भए । तर समय बित्दै जाँदा ती युवाहरू काल्पनिकलाई वास्तविकतामा हेर्न खोज्न थाल्यो, तर वास्तविक त काल्पनिकभन्दा धेरै फरक भएकोले ती युवाहरुले साथ छोड्दै गरेको देख्दा यिनले फेरि रिसर्चरको तरिका बदलियो र काल्पनिक संसारलाई छोडेर वास्तविकताको संसार आएको देख्दा झन् सबै सार्थकहरुले हामीलाई भ्रममा राखेको भनेर यिनलाई छोड्न थाल्यो र अन्तमा करिव १०-१५ प्रतिशत मात्र पुराना सार्थकहरु बाँकी रह्यो । यहाँसम्म रिसर्चरको रिसर्च उनका सार्थक र भर्खरका युवामा मात्र सीमित थियो । तर, जब यिनले आफ्ना रिसर्च आमजनतातिर बढायो तब यिनको आतंक देखिन थालियो ।

यिनका अनुयायीले सामाजिक संजालमा प्रयोग गरेको शब्दहरुले नै आतंकको शुरूवात गरेको छ । आफू मात्र जान्ने अनि बाँकीको सबैलाई मुर्ख जसरी गरिएको व्यवहारले नै यिनी र यिनका सार्थकलाई कति चोटि आतंककारीको रुपमा गिरफ्तार गरिएको थियो । घट्दै गरेको सार्थक देखेर यिनले जसरी पनि आफूलाई बलियो सावित गर्न हदैसम्मको निच हर्कत गरेको देखिन्छ । यिनले आफ्नो आतंक जसरी पनि फैलाउन खोजेको देखिन्छ । यिनले आतंक फैलाएर नै जनमत बटुल्न खोज्दै गरेको देखिन्छ । कहिले कुनै कमजोर कर्मचारीलाई निशाना बनाउँछ भने कहिले किसानको घरमा भएको भैंसी गोरु बाख्रा खोलेर सडकमा आतंक फैलाएको देखिन्छ । यिनले फैलाउने आतंकमा प्रायः रोबर्टको प्रयोग गरेको देखिन्छ । यिनका रोबर्ट र अबुझ जनावर बिचको तालमेल पनि मिलेकै देखिन्छ जसले सडक सडकमा जनावर र रोबर्टको आतंकले आमजनता त्रसित छन् । यसरी रोबर्टले सधैं जनतालाई त्रसित बनाउने काम गर्दै गरेको देखिन्छ ।

जसरी युद्ध हुँदा गोली खानलाई रोबर्ट अगाडि राखेर सेनाहरु पछाडि बसेर सुरक्षित हुन्छ त्यसरी नै यी रिसर्चरले ठाउँ-ठाउँमा रोबर्टलाई राखेर आतंक फैलाउँदै छ ताकी कुनै घटना भएपनि क्षति चाहि रोबर्टलाई हुने अनि आफू सुरक्षित हुने व्यवस्था मिलाएको हो । यसरी रिसर्चरको ज्ञान दिनप्रति दिन मधेशीका लागि आशिर्वादभन्दा अभिषाप बन्दै गएको देखिन्छ ।

*मधेशवाणीबाट*

# शिक्षामन्त्री पौडेलले मागे विश्वविद्यालय सुधारका योजना



**काठमाडौं/मस**–शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले विश्वविद्यालय सुधारका योजना मागेका छन् । सोमबार मन्त्रालयमा त्रिभुवन विश्वविद्यालयका उपकुलपतिसहितको छलफलमा मन्त्री पौडेलले त्रिभुवन विश्वविद्यालय सुधारका योजना मागेका हुन् ।

'मन्त्रालयले विश्वविद्यालय सुधारका लागि योजना बनाइरहेको छ,' मन्त्री पौडेलले भने, 'देशका ८० प्रतिशत विद्यार्थी ओगटेको विश्वविद्यालयले नयाँ योजना दिनुपर्‍यो हामी कार्यान्वयनको प्रक्रियामा लैजान्छौं ।'

मन्त्री पौडेलले वार्षिक १ खर्बभन्दा बढी रकम मेडिकल शिक्षाका लागि विदेश गइरहेको बताउँदै काठमाडौं विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयले त्यसलाई रोकेर नेपालमै विद्यार्थीलाई पढ्ने वातावरणको सृजना गर्नुपर्ने बताए ।

'काठमाडौं विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयले मेडिकल कलेज पढ्ने विद्यार्थीको लागि सोच्नुपर्छ,' मन्त्री पौडेलले भने, 'काउन्सिलको परीक्षासहित अध्ययनको व्यवस्था यहीं गरौं विद्यार्थीले नेपालमै पढ्ने कुरामा हामीले खोलिदिनुपर्छ ।'

